अवरोध हटाऔं, रेबिज उन्मूलन गरौं

BREAKING RABIES BOUNDARIES

# रेबिज रोगबारे जानकारी

विश्व रेबिज दिवस २०२४ को उपलक्ष्यमा आयोजित

**रेबिज जनचेतना – स्कुल शिक्षा कार्यक्रम**

USAID FROM THE AMERICAN PEOPLE

FAO

---

## के तपाईहरुलाई रेबिज बारेमा थाहा छ?

## तपाईहरुलाई रेबिज बारेमा के थाहा छ?



---




---





- रेबिज कुकुर, बिरालो, फ्याउरो, न्याउरीमुसा, चमेरो वा अन्य जंगली जनावरहरुको टोकाईबाट सर्ने एक विषाणुजन्य प्राणघातक जुनोटिक रोग हो।
- स्नायुप्रणालीलाई असर गर्छ ।
- मानिस र पशुको प्राण घातक रोग हो ।

## लौ चिन्नुहोस् ?

**रेबिजमा वहाँको योगदान ?**


✓खोपको आविष्कारक

✓वहाँकै स्मृति दिवसको अवसरमा रेबिज दिवस मनाउने गरिएको हो।



लुइस पाश्चर

## विश्वमा रेबिजको अवस्था




## नेपालको रेबिजको अवस्था



कुकुरबाट नमूना संकलन

हाल नेपालमा घरपालुवा जनावर र मानिसमा रेबिज रोग बारम्बार देखिएको छ।



गाईबाट नमूना संकलन

## रेबिज रोग बारे तथ्य

- प्रत्येक ९ मिनेटमा एक जना मानिसको मृत्यु हुने।
- ८० % मृत्यु ग्रामिण क्षेत्रमा देखिने।
- ४० % मृत्युदर बालबालिकामा हुने।


रेबिज रोग कसरी सर्छ ?
रेबिज लागेको कुकुर, बिरालो वा जंगली पशुले टोकेमा
चिथोरेमा वा र्‍याल घाउमा परेमा


Fox
Dog
Mongoose,
न्याउरी मुसा
Cat
Bat
हाम्रो वरिपरी पाईने, रेबिज रोग सार्न सक्ने जनावरहरु


रेबिज लागेको कुकुर कसरी चिन्ने?
अत्याधिक र्‍याल काढ्ने
जे पायो त्यही टोक्ने
उत्तेजित हुने
उत्तेजित अवस्था
लाटो अवस्था
थकित भएर बस्ने
आवाज परिवर्तन हुने
पछाडिको भाग पक्षघात हुँदै जाने


मानिसमा लक्षणहरू (चिकित्सकहरुका अनुसार)
टाउको दुख्नु
घाँटी दुख्नु
मांशपेशीहरू दुख्नु
ज्वरो आउनु
उत्तेजना तथा अस्वभाविक कम्पन पनि पैदा हुने
आक्रामकता देखाउने
उज्यालोमा हेर्न नसक्ने
घाँटीको स्नायु नसाको पक्षघातले गर्दा पानी निल्न नसक्ने र पानी देखि डराउनु
मुखमा र्‍याल तथा फिंज जम्मा हुने

# उपचार: केही छैन ।

रोगको लक्षण देखिएपछि खोपले पनि काम गर्दैन र शत् प्रतिशत मृत्यु हुन्छ ।

तर

समयमै खोप लगाएर बच्न सकिन्छ ।

# रोकथाम



१. कुकुर बिरालोलाई बार्षिक रुपमा खोप लगाउने ।

२. जंगली जनावरहरुको नजिक नजाने, नजिस्क्याउने, नचलाउने ।





३. घरमा पालिएका कुकुर बिरालाहरुलाई छाडा नछोड्ने ।

४. कुकुर बिरालो वा जंगली जनावरले टोकेमा आफ्नो अभिभावकलाई भनी खोप लगाउन तुरुन्त लैजान भन्ने ।



# कुकुरको टोकाईबाट बच्न् वा जोगिन के गर्ने ?



कुनै उत्तेजित कुकुर नजिक आयो भने कुकुर संग आँखा नजुधाउने, बिस्तारै पछि सर्दै जाने।

कुकुर रिसाउँदै आयो भने, हलचल नगरिकन ठिङ्ङ उभिने, नभाग्ने, नदौडिने।



# कुकुरको टोकाईबाट बच्न् वा जोगिन के नगर्ने?



खाईरहेको, सुतिरहेको वा बच्चालाई दुध खुवाईरहेको कुकुरलाई नजिस्क्याउने, नचलाउने।


बाँधेर राखेको कुकुरको धेरै नजिक जनाने ।



## कुकुरको टोकाईबाट बच्न् वा जोगिन के नगर्ने?



कुकुरको नजिकै बाट नकुद्दे, नदौडिने।



नचिनेको कुकुरलाई आँखा

जुधाएर आँखामा नहेर्ने।

---

## कुकरले टोक्यो भने के गर्ने ?

घाउलाई तुरुन्त साबुन पानीले १०-१५ मिनेट सम्म राम्ररी धुने



उपलब्ध भएमा अल्कोहल वा पोभिडिनले सफा गर्ने



चिकित्सकको सल्लाह बमोजिम रेबिज विरूद्ध खोप अनिवार्य लगाउने



---

# केही प्रश्नहरुको पालो

---

प्रश्न १

## रेबिज के के को टोकाइबाट सर्दछ ?

- क. स्याल
- ख. कुकुर
- ग. बिरालो
- घ. माथिका सबै

प्रश्न २

## रेबिजबाट मानिसमा हुने मृत्यु कसरी कम गर्न सकिन्छ?

- सबै कुकुरहरूलाई खोप लगाएर
- जनचेतना अभिवृद्धि गरेर
- सडक कुकुरको बन्ध्याकरण गरेर
- माथिका सबै

प्रश्न ३

## यदि एउटा कुकुर तपाईंको वरिपरि लरबराइ राखेको छ भने के गर्नुहुन्छ?

| | |
|---|---|
| क. कुकुरलाई जिस्काउँछु | ख. दौडेर भाग्छु |
| ग. रूखजस्तै हलचल नगरी उभिइरहन्छु | घ. कुकुरलाई ढुङ्गाले हिर्काउँछु |

प्रश्न ४

## रेबिज रोगमा शरीरको कुन भागमा असर गर्छ?

- (क) हड्डी
- (ख) खुट्टा
- (ग) शरीरको कुन भागमा टोकेको छ त्यसमा भर पर्छ
- (घ) केन्द्रीय स्नायु प्रणाली

प्रश्न ४

## यदि तपाइँलाई कुकुरले टोक्यो भने के गर्नुहुन्छ ?



- (क) टोकेको ठाउँलाई साबुनपानीले राम्ररी धुन्छु र अस्पताल जान्छु
- (ख) टोकेको ठाउँलाई साबुनपानीले राम्ररी धुन्छु र घरै बस्छु
- (ग) केही गर्दिनँ त्यसै छोडिदिन्छु
- (घ) टोकेको ठाउँलाई साबुनपानीले राम्ररी धुन्छु र घाउलाई प्लास्टरले छोपिदिन्छु

# निश्कर्ष

- यो रोग लागेपछि उपचार हुँदैन तर समयमै सावधानी अपनाउन सके यो रोगबाट बच्न सकिन्छ ।
- कुकुरले टोकेमा तुरुन्तै स्वास्थ्यकर्मीसँग खोपको लागि परामर्श लिनुपर्छ ।
- घरपालुवा, सामुदायिक र भुस्याहा कुकुरलाई वर्षेनि खोप लगाउने गरेमा रेबिजको जोखिम धेरै घटाउन सकिन्छ।

**हेलचेक्र्याइँ नगरौँ, कुकुर, बिरालो, जंगली जनावरले टोकेमा तुरून्तै नजिकको स्वास्थ्य संस्थामा गई स्वास्थ्यकर्मीको सल्लाहमा खोप लगाऔँ ।**

